DOI: https://doi.org/10.3126/dristikon.v12i1.46137 

# पाउलो फ्रेरे : एक शैक्षिक चिन्तक एवम् दार्शनिक

**बालचन्द्र कट्टेल**

उपप्राध्यापक

शिक्षा आधार विभाग

महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल

Email: *bckattel165@gmail.com*

**लेखसार**

पाउलो फ्रेरे दक्षिण अमेरिकी राष्ट्र ब्राजिलमा १९ सेप्टेम्बर, १९२१ मा जन्मेका बिसौं शताब्दीका विश्वप्रसिद्ध एक शैक्षिक चिन्तक एवम् दार्शनिक हुन् । सन् १९२८-३२ को विश्वव्यापी आर्थिक मन्दी तथा चरम आर्थिक अभावमा हुर्किएका उनी सानै उमेरदेखि अन्याय, शोषण, दमन, उत्पीडन आदिको अनुभव र चपेटामा परेर यसका विरूद्धमा संघर्ष गर्न चेतना प्राप्त गर्ने व्यक्ति हुन् । खासगरी औपनिवेशिक परिस्थितिमा जनता शक्तिशाली देशबाट कसरी प्रताडित हुन्छन् भन्ने सम्बन्धी उनको चेत खुलेको थियो । गरिबी तथा भोकमारी विरूद्धमा आम जनतालाई चेतना प्रवाह गर्न उनको प्रयास निरन्तर रहिरह्यो । अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनबाट मुक्ति प्राप्त गर्नका लागि चेतनाको अन्तस्करण गराउन उनको शैक्षिक चिन्तन र प्रौढ शिक्षा चेतनामूलक अचुक हतियार बनाउन सफल भयो । तत्कालिन अवस्थामा अभ्यासमा आएको शिक्षा प्रणालीमा उनले खोट देखाए । उनले तत्कालिन शिक्षालाई वर्णात्मक रोगबाट ग्रसित भएको शिक्षा प्रणाली र बैकिङ्ग अवधारणामा आधारित शिक्षा पद्धतिको संज्ञा दिए । जहाँ घोकाउने तथा कण्ठ गराउने प्रवृत्तिको वर्चश्व हुन्छ । अन्धाधुन्धा सिकाइ गराइन्छ । सांस्कृतिक रूपमा चुपचाप रहने चरित्रको विकास गराउने परिपाटी हुन्छ भन्ने तर्क अगाडि ल्याए । यसको बदलामा उनले नयाँ क्रान्तिकारी सोच अगाडि सारे । यस सोचले व्यक्तिलाई चेतनाको अनतस्करण गराउन मद्दत पुऱ्यायो । शिक्षण पेडागोजीको दृष्टिकाणको विकास र प्रयोग पनि भयो । बहस, छलफल तथा अन्तरकृयाको माध्यमबाट हुने सिकाइ र शिक्षण नै महत्वपूर्ण हुन्छ भन्ने कुरा अगाडि आयो । शिक्षण सम्वाद विधिलाई जोड दिइयो । सम्वादले नै चेतनाको द्वार खुल्छ भन्ने दृष्टिकोण आयो । आलोचनात्मक चिन्तनको विकासमा योगदान दिइयो । कानून, शिक्षा र दर्शनमा उच्च अध्ययनपछि उनले विभिन्न सामाजिक, शैक्षिक तथा दार्शनिक क्षेत्रमा परिवर्तनको नेतृत्व समेत गरे । शिक्षालाई मुक्तिको माध्यम र साधन बनाइयो । उनी सफल लेखक समेत बने । उनको पेडागोजी अफ द अप्रेस्ड नामक कृति विश्वप्रसिद्ध भयो । यसले शैक्षिक एवम् दार्शनिक जगतमा संसारभर प्रभाव छोड्न सफल भयो । तसर्थ यी र यस्तै विषयवस्तुलाई केन्द्रित गरी गुणात्मक ढाँचामा तयार पारिएको यस लेखले सरोकारवाला सबैमा आलोचनात्मक चिन्तनको विकास गराउने यस लेखको उद्देश्य रहेको छ । यस लेखन कार्यका लागि दस्तावेज अध्ययन विधिद्वारा सम्बन्धित साहित्यको समीक्षा एवम् इन्टरनेट समेतको प्रयोगद्वारा आवश्यक तथ्यांक संकलन गरिएको थियो । यसरी प्राप्त तथ्याङ्कलाई वर्णात्मक एवम् गुणात्मक ढाँचामा व्याख्या विश्लेषण तथा प्रस्तुतिकरण गरी निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी* : आलोचनात्मक चिन्तन, चेतनाको अतस्करण, पेडागोजी, उत्पीडन, मुक्तिका लागि शिक्षा

DOI: https://doi.org/10.3126/dristikon.v12i1.46137 

## विषय-परिचय

### पृष्ठभूमि

शिक्षा र दर्शन एक अर्काको परिपूराक हुन् । शिक्षाको प्रभाव दर्शनमाथि र दर्शनको प्रभाव शिक्षामा परेको हुन्छ । दर्शनले कुनैपनि वस्तु, घटना, मानव स्वाभाव, उसको आदर्श, जीवनपद्धति, ब्रह्माण्ड तथा यससँग सम्बन्धित ज्ञानको सिद्धान्त, वास्तविकताको सिद्धान्त, मूल्यको सिद्धान्त एवम् क्रमबद्ध तथा तर्कगत चिन्तन जस्ता दार्शनिक पक्षहरूलाई प्रायोगिक रूपमा उतार्छ । व्यावहारिक प्रयोजनमा लैजान्छ । तसर्थ दर्शन विश्वको शैक्षिक पद्धति निर्माणको आधारभूत तत्त्व एवम् एक महत्त्वपूर्ण पक्ष हो । दर्शन हरेक विचारको व्यवस्थित दृष्टिकोण हो, सैद्धान्तिक पक्ष हो । दर्शन शाश्वत सत्य एवम् परवास्तविकताको सिद्धान्त हो । सामाजिक प्रणालीका परम्परा, संस्कृति, धर्म, रीतिस्थिति प्रणाली हो (वाग्ले र कार्की, २०५२) । दर्शन र शिक्षा एउटा सिक्काको दुई पाटा जस्तै हुन् । दर्शनशास्त्र शिक्षाको सामान्य सिद्धान्त हो भने शिक्षा दर्शनशास्त्रको व्यवहारिक पक्ष हो । तसर्थ दर्शनद्वारा प्रतिपादित ज्ञान, वास्तविकता, मूल्य मान्यता तथा ब्रह्माण्डसम्बन्धी व्यवस्थित विचारहरूलाई मानव जीवन र जगतसम्म पुऱ्याउने व्यावहारिक पद्धति नै शिक्षा हो ।

मानव जीवन, जगत र ब्रह्माण्डलाई अध्ययन गरी विश्वासको प्रतिपादन गर्न, ब्रह्माण्डको व्याख्या गर्न, ज्ञानको खोजी गर्न, प्राकृतिक र मानवनिर्मित वास्तविकताहरूको खोजी गर्न, मानव जीवन र जगतसँग सम्बन्धित मूल्य मान्यताहरू औंल्याउन, ब्रह्माण्डका विविध पक्षहरू सम्बन्धी चिन्तन गरी वास्तविकताहरूको अनुमान गर्न, आदि सम्बन्धमा शैक्षिक दर्शनको क्षेत्रमा प्रकृतिवाद, आदर्शवाद, यथार्थवाद, अस्तित्ववाद, प्रयोजनवाद, पुनःनिर्माणवाद, स्थायीत्ववाद, निर्माणवाद, मानवतावाद, उत्तरआधुनिकवाद, आदि दार्शनिक दृष्टिकोणहरू प्रकाशमा आएका छन्, स्थापित भएका छन् । प्रत्येक दार्शनिक सम्प्रदायले ज्ञान, वास्तविकता, मूल्यमान्यता एवम् व्यवस्थित चिन्तनका पक्षहरूमा विशिष्ट दृष्टिकोण दिएको छ र व्यावहारिक योगदान पुऱ्याएको छ । शिक्षाविद् पाउलो फ्रेरे प्रगतिवादी तथा प्रयोजनवादी दार्शनिक अवधारणा र अभ्यासका पक्षधर मानिन्छन् । उनको शैक्षिक दर्शन र कार्यमा एवम् नयाँ चिन्तनमा अस्तित्ववाद, फेनोमेनोलोजी, मानवतावाद, मार्क्सवाद र ईसाई धर्मको समेत प्रभाव परेको पाइन्छ । उनले प्रतिपादन गरेको प्रतिविम्वात्मक चिन्तन (रिफ्लेक्टीभ थिङ्किङ) मा आधारित शैक्षिक दर्शनले मानवमा चेतनाको अन्तरदृष्टिकरण गराई उसलाई पूर्ण मानव बनाउन उत्पीडनबाट मुक्ति प्राप्त गर्ने गराउने ज्ञान (कग्नीटिभ इमान्सीपेटरी इन्टेरेस्ट) बोध गर्ने तरिका सिकाउँछ । यस दर्शन द्वन्द्वात्मक सिद्धान्तमा आधारित विश्व दृष्टिकोण हो । यो समाजशास्त्रीय तथा मानवतावादी चिन्तनमा आधारित दृष्टिकोणसमेत भएकोले यसले मानवतावादीलाई समेत आत्मसात गरेको छ । यस दर्शनले परम्परागत शैलीको वर्णात्मक पद्धतिमा आधारित सिक्ने र सिकाउने प्रणालीलाई बैंकिङ्ग पद्धतिको रूपमा व्याख्या गरेको छ । यस प्रकारको शिक्षाले मानवलाई सधैं आज्ञाकारी र उत्पीडनको सिकार मात्र बनाइराख्छ तसर्थ यस प्रणाली सुधार गर्न अन्तरकृयात्मक तरिका र संवाद विधिबाट सिकाइ अघि बढाउनुपर्ने दृष्टिकोण पाउलो फ्रेरेले विकास गरेका छन् ।

### अध्ययनको उद्देश्य

यस अध्ययनको मूल उद्देश्य दार्शनिक एवम् शिक्षाविद् पाउलो फ्रेरेको शैक्षिक एवम् दार्शनिक दृष्टिकोण र योगदानको विश्लेषण गर्नु रहको छ भने यसका अन्य उद्देश्यहरूमा फ्रेरेको दृष्टिकोणमा शैक्षिक उद्देश्यहरू, पाठ्यक्रम, शैक्षिक प्रक्रिया पहिल्याउनु, उनको शैक्षिक योगदानको विश्लेषण गर्नु, उत्पीडित संस्कारका सिकारूहरू

र पाठकहरूमा चेतना प्रवाह गर्नु, शिक्षण-सिकाई कार्यलाई अन्तरकृयात्मक बनाइ प्रतिविम्विात्मक चिन्तनको विकास गराउने तरिकाको खोजी गर्नु रहेका छन् ।

## शोधविधि तथा सामग्री

यस अध्ययनका लागि उद्देश्यमूलक नमुना छनोट प्रकृयाद्वारा पाउने फ्रेरेका शैक्षिक दर्शनसँग सम्बन्धित साहित्यिक खोजी तथा संकलन गरिएको थियो । पुस्तकालय सम्पर्क र इन्टरनेटबाट सामाग्रीहरू संकलन गरी दस्तावेज अध्ययनद्वारा गुणात्मक तथ्याङ्कहरू सङ्कन गरिएको थियो । यसरी सङ्गलित तथ्याङ्गलाई गुणात्मक विधिद्वारा विभिन्न शीर्षकका आधारमा व्याख्या विश्लेषण तथा प्रस्तुतीकरण गरिएको छ ।

## परिणाम तथा छलफल

### पाउलो फ्रेरेको जीवनी

पाउलो फ्रेरे, बीसौं शताब्दीमा शिक्षामा नवीन चिन्तन ल्याउने विश्व प्रसिद्ध ब्राजिलियन शिक्षाविद् एवम् दार्शनिक हुन् । उनी आलोचनात्मक शिक्षण पद्धतिका (क्रिटिकल पेडागोजी) सिद्धान्तकार हुन् । उनको जन्म ब्राजिलको अति पछाडि परेको उत्तरी प्रान्त रेसिफा भन्ने ठाउँमा सन् १९२१ सेप्टेम्बर १९ मा एक मध्यम वर्गीय सैनिक परिवारमा भएको थियो (अग्रवाल, २००३) । फ्रेरेको परिवार क्याथोलिक धर्मबाट प्रशिक्षित ईसाई परिवार थियो । उनका पिता आध्यात्मिक समूहमा एक धार्मिक व्यक्तिका रूपमा परिचित थिए । ब्राजिल तेस्रो विश्वका अति कम विकसित राष्ट्रहरूमध्ये एक हो । फ्रेरेको प्रारम्भिक शिक्षा अर्थात वर्णमाला सिकाउने कार्य स्कुल जान सुरु गर्नु अघि उनका पिताद्वारा घरमा नै गरिएको थियो । सन् १५००-१८३२ सम्म ब्राजिल पोर्चुगलको औपनिवेशक राष्ट्र थियो । उपनिवेशको प्रभाव लामो समयसम्म कायम रह्यो । गरिबी र भोकमारीबाट ग्रस्त ब्राजिलका किसान, मजदुरहरू भोक मेटाउन परिवारका सदस्यहरू नै दासको रूपमा बेच्ने गर्दथे । फ्रेरेले यस्तो परिस्थितिको समेत जानकारी प्राप्त गरेका थिए । ई.सं. १९२८-३२ मा विशेषगरी सन् १९२९ मा विश्वमा ठूलो आर्थिक सङ्कट आयो (मोरी) । फ्रेरेको परिवार पनि उक्त आर्थिक सङ्गटबाट अछुतो रहन सकेन । आर्थिक सङ्कटको शिकार भयो । गरिबी र भोकको पिडाले (प्याङ्ग अफ हङ्गर) सताइयो (फ्रेरे, १९७०) । यस विश्वव्यापी कहालीलाग्दो आर्थिक सङ्कटको घटनाले फ्रेरेको सोच, चिन्तन र जीवनमा समेत गम्भीर असर पाऱ्यो । यस कहालीलाग्दो परिस्थितिको परिणामस्वरूप एघार वर्षको कलिलो उमेरमा नै उनले भोकको वर्खिलापमा संघर्ष गर्ने, पीडा विरूद्ध संघर्ष गर्ने अठोट गरे (फ्रेरे, १९७०) । बाल्यकालदेखि नै उनले सिमान्तीकृत मानिसको अवस्थामा सुधार ल्याउन सचेतनापूर्वक काम गर्ने प्रतिबद्धता जाहेर गरे । त्यसताका ब्राीजलको समाज अत्यन्त उत्पीडित थियो । साम्राज्यवादी संम्रान्तवर्ग र अभिजात वर्गबाट जति दबाइए तापनि सहेर बस्ने संस्कृतिको प्रकृति (कल्चर अफ साइलेन्स) को समाज थियो । चेतनाको अभावले र स्वतन्त्रताको अवसरको कमीका कारणले समाज पिल्सिएको थियो । यसरी आर्थिक, सामाजिक तथा राजनैतिक रूपमा देखाइएको समाजलाई उत्थान गर्न उनी अग्रसर भए । त्यसताका सदियौंदेखि ब्राजिलियन जनतामा कायम रहको जाति दबाइएतापनि रहिरहने प्रकृतिको भूत पन्छाउनु उनको प्रमुख ध्येय बन्यो । समाजमा जागरण ल्याउने तथा चेतना फैलाउने कार्यमा उनको प्रयत्न रह्यो । उनको प्रान्तका गरिब जनताको चेतनास्तर उकास्नमा उनमा शिक्षाप्रतिको चासो र निरक्षर जनतमा शिक्षाको आवश्यकता बढ्न थाल्यो । शिक्षाको क्षेत्रमा धेरै प्रयासहरू गरियो । बीस वर्षको उमेरबाट उनी कानूनको विद्यार्थी भएर अध्ययन गर्न थाले । पढाईमा उनी मध्यस्तरका विद्यार्थी थिए । ब्राजीलमा आर्थिक मन्दीमा सुधार भएपछि फ्रेरेको आर्थिक अवस्थामा पनि सुधार आयो ।

त्यसपछि उनले रेसिफा विश्वविद्यालयमा कानून, दर्शनशास्त्र र मनोविज्ञान विषयमा अध्ययन पनि सुरू गरे । सन् १९४४ मा कानुनको डिग्री प्राप्त गरी एक योग्य वकिल बने । यसका साथै उनले सबै तहमा आवश्यक पर्ने शिक्षापद्धतिको (पेडागोजी आफ टिचिङ्ग) विकास गरे । सन् १९४४-४५ मा पोर्चुगाली भाषाको शिक्षण गर्न माध्यमिक शिक्षकका रूपमा नियुक्त भए । यसका अतिरिक्त मजदुर संघको कानूनी सल्लाहकारको भूमिका पनि सम्हाले । पाठ्यक्रम विकास र शिक्षक शिक्षा सम्बन्धी कार्यमा पनि संलग्न भए । सन् १९५९ मा अड्तीस वर्षको उमेरमा रेसिफा विश्वविद्यालयबाट उनले शिक्षा दर्शनमा विद्यावारिधि पिएच.डी.) को उपाधि समेत प्राप्त गरे । त्यसपछि सोहि विश्वविद्यालयमा आंशिक शिक्षकको रूपमा काम गर्न थाले । सन् १९६० मा विश्वविद्यालयमा इतिहास र शिक्षा दर्शन विषयको प्राध्यापकको रूपमा नियुक्त भए । सन् १९५०-६० को दशकमा उनमा राजनीतिक छाप समेत परेको थियो । विश्वविद्यालयको प्राध्यापक भएपछि सन् १९६१ मा रेसिफा (Recife) विश्वविद्यालयको विद्यार्थी सम्बन्ध विभागको विशेष सल्लाहकारको रूपमा समेत जिम्मेवारी सम्हाले । शिक्षा विभाग प्रौढ शिक्षा परियोजनाको संयोजक समेत भएर कार्य गरे । सन् १९६० पूर्व ब्राजिल असन्तुष्टि राष्ट्र थियो । राष्ट्र नै आन्दोलित थियो । विद्यार्थी, किसान, मजदुर, समाजवादी, साम्यवादी आदि वर्ग समेत सामाजिक, आर्थिक तथा राजनैतिक लक्ष्य बनाई आन्दोलित थिए । फ्रेरेको प्रौढ शिक्षा कार्यक्रमले ग्रामीण निरक्षर किसानहरूलाई ३० घण्टाको कक्षाले नै पढ्न सक्ने बनायो । त्यसताका प्रौढ साक्षरता कार्यक्रमको प्रभाव शैक्षिक, सामाजिक, आर्थिक एवम् राजनैतिक क्षेत्रमा राम्रैसँग परेको थियो । शैक्षिक-सामाजिक तथा राजनैतिक चेतनाले नागरिकमा आत्मविश्वास समेत विकास गरायो । खासगरी प्रौढ शिक्षाले आम नागरिकलाई राजनैतिक प्राणीको रूपमा विकास गरायो । प्रौढ शिक्षा मार्फत प्राप्त गरको ज्ञान, सीप ब्राजिलियन नागरिकले सामाजिक तथा राजनैतिक अधिकारकोरूपमा समेत उपयोग गरे । साक्षरताकै कारणले मतदान गर्न पाउने अधिकार समेत स्थापित भयो । सन् १९६० पछि उनले वामपन्थी विचार पक्षको नेतृत्व समेत गर्न थालेका थिए । ब्राजिलियन जनतामा संक्रमण हुन लागेको वामपन्थी विचार उकास्नु उनको उद्देश्य थियो । उनी त्यसताकाको संगठन पपुलर कल्चर भोभमेण्टको कानुनी सल्लाहकार तथा सह-संस्थापक भए । गरीब जनतालाई राजनैतिक शशक्तीकरण र स्वतन्त्रताको बारेमा सिकाएको आरोपमा उनलाई त्यसबेलाको सरकारले राजनीतिमा संलग्न भएको मुद्धा अगाडि बढायो । उनलाई सन् १९६४ मा एक अबुझ र क्रान्तिकारी र देशद्रोहीको (ट्राउट) आरोपमा गिरफ्तार गरी साढें दुई महिना जति (सत्तरी दिन) जेल सजाय भयो । त्यसपछि उनलाई देश निकाला गरियो । देशनिकालाको समयमा चार वर्ष चिलीमा रहे । त्यहाँ रहँदा उनले भूमिसुधार कार्यालयमा काम गरे । त्यसबेला उनको कार्यपद्धति (पेडागोजी एप्रोच) ज्यादै प्रशंसनीय बन्यो । त्यसपछि एक वर्ष संयुक्त राज्य अमेरिकामा शिक्षाको प्रवक्ता भएर काम गरे। अमेरिकाको हर्वाड विश्वविद्यालयमा आंशिक शिक्षक भए ।

सन् १९७० मा उनी जेनेभा पुगे । त्यहाँ रहँदा उनले विश्वका चर्चहरूको सल्लाहकारको रूपमा कार्य गरे । त्यसबेला पनि उनले आफ्नो क्रान्तिकारी विचार र कदमलाई त्याग्न सकेनन् । निस्कासनको समयमा पनि विश्वव्यापी रूपमा साक्षरताको अभियान चलाए । लेखन कार्य तथा शिक्षासँग सम्बन्धित अनुसन्धान समूहसँग संलग्न भएर उनले कार्य गरे । सन् १९६० को दशकपछि शिक्षाको सार्वजनिकरण तथा व्यापक प्रचारप्रसारद्वारा पनि मानवीय शोषण रोक्न नसकेको विद्यालय स्वयम् मानवीय शोषणको साधन बन्न पुगेको, शिक्षाको प्रचारप्रसारको लाभ शोषकवर्गलाई मात्र भएको जस्ता सोच, चिन्तन र आलोचनाहरू भए । यसरी शिक्षामा आधुनिक चिन्तनको प्रभाव बढ्न थाल्यो । खासगरी सन् १९६० को दशकमा यो चिन्तन अमेरिका तथा युरोपमा फैलिएको थियो । यसमा फ्रेरेको संलग्नता समेत उल्लेख्य थियो । सन् १९६९ मा उनलाई अमेरिकाको हर्वाड विश्वविद्यालयको

लेक्चररमा दुई वर्षको लागि आमन्त्रण गरियो । त्यहाँ उनले विकास तथा सामाजिक परिवर्तन अध्ययनकेन्द्रमा प्राध्यापकको रूपमा र शिक्षा विभागको सल्लाहकारको रूपमा काम गरे । त्यसवखतमा उनले सांस्कृतिक साम्राज्यवादको प्रभाव सम्बन्धी गहन अध्ययन गरी "कल्चरल एक्सन अफ फ्रिडम-१९७०" नामक कृति समेत प्रकाशन गरे । सन् १९६५-१९७५ को समयमा उनी लेखन कार्यमा केन्द्रित भए । त्यसताका तेस्रो विश्वका मुलुकहरू खासगरी साम्राज्यवादी राष्ट्रहरूबाट सताइएका थिए । अधिकांश राष्ट्रहरू उपनिवेश बनाइएका थिए । र तिनीहरू स्वतन्त्रताका लागि संघर्ष गरिरहेका थिए । तसर्थ यस प्रकारको औपनिवेशिक अवस्थाबाट मुक्ति दिलाउन फ्रेरेको निरन्तर प्रयत्न रह्यो । सन् १९७५-७९ सम्म उनले अफ्रिकी मुलुकहरू खासगरी मोजाम्विक, अंगोला, निकारागुवा, साओताम प्रिनिसपलमा समेत शिक्षा सम्बन्धी कार्यमा संलग्न भए । पन्ध्र वर्षको देश निकालापछि उनलाई स्वदेश फर्कने अनुमति प्राप्त भयो । सन् १९८० मा उनी आफ्नो मुलुकको बारेमा पुनः अध्ययन गर्न ब्राजिल फर्किए । त्यसै वर्ष ब्राजिल वर्कस् पार्टीको गठन भयो । उनी पनि त्यस पार्टीको संस्थापक केन्द्रीय सदस्यमा छानिए । उक्त पार्टीको उद्देश्य सन् १८६४ देखि बाजिलियन जनतालाई सताउने सैनिक शासनबाट मुक्ति दिलाउनु थियो । सन् १९८५ मा ब्राजिल वकर्स पार्टीले साओपाउलो नगरको चुनावमा मेयर सहित बहुमत हासिल गऱ्यो । त्यसपछि फ्रेरेलाई ३ जनवरी १९८९ मा शिक्षा सचिव नियुक्ति गरियो । केही समय शिक्षासचिवको रूपमा काम गरेपछि २७ मे १९९१ मा उक्त पदबाट राजिनामा गरे । त्यसपछि ल्याटिन अमेरिका संयुक्त राज्य अमेरिका, स्वीट्जरल्याण्ड, गिनी विसाउ, निकारागुवा, साओताम प्रिन्सिपल तथा अन्य मुलुकको भ्रमणमा लागे । २ मई, १९९७ मा ७५ वर्षको उमेरमा मुटुको व्यथाले उनको निधन भयो ।

**शिक्षाको सिद्धान्त र अभ्यासमा फ्रेरेको योगदान**

शिक्षाविद् एवम् दार्शनिक पाउलो फ्रेरेको शैक्षिक चिन्तन तत्कालिन समाजमा उपनिवेशवादले सृजना गरेको असमानताको विरूद्धमा आएको दर्शन हो । उनी एक क्रान्तिकारी चिन्तक हुन् । उनी मार्क्सवादी दर्शनबाट प्रभावित थिए । गरिबी र भोकमारीको समस्या समाधान गर्न प्रगतिवादी शिक्षाको अभ्यासद्वारा मात्र सम्भव हुन्छ भन्ने चिन्तन स्थापना गराए । यसका लागि उत्पीडक र उत्पीडित बीचको अन्तरविरोध पहिचान गर्ने आलोचनात्मक शिक्षण पद्धतिको माध्यम नै उपयुक्त र सही वैज्ञानिक प्रकृया हुन्छ भन्ने मान्यता स्थापित गराए । यस कार्यका लागि उनले विभिन्न योगदान पुऱ्याएका छन् । परिवर्तनकारी शैक्षिक चिन्तन र अभ्यासको कारणले उनी विश्वव्यापी रूपमा परिचित भए ।

**सफल लेखकको रूपमा फ्रेरे**

औपनिवेशिक शासन प्रणाली एवम् साम्राज्यवादी मुलुकहरूको चरम शोषण, दमन तथा राजनैतिक, सांस्कृतिक तथा सामाजिक औपनिवेशिक प्रणालीको जालोबाट नागरिकहरूलाई मुक्ति दिलाउन पाउलो फ्रेरे लेखन कार्यमा समेत संलगन भए । विशेषगरी सन् १९६५-७५ को समयकालमा निर्वासनको अवस्थामा समेत उनी लेखन कार्यमा लागे । उनको लेखन समाजमा चेतना जागरण गराउन संवाद र सञ्चारको दमित संस्कृति (डोमिनेटेड कल्चर) बाट मुक्ति दिलाउने सम्बन्धी चेतनामूलक विषयवस्तु प्रवाह गराउने दिशामा केन्द्रित रह्यो । बुद्धिजीवि वर्ग, मजदुर, किसान लगायत आम नागरिकहरूलाई स्वतन्त्रता प्राप्तितर्फ उन्मुख गराउनेमा केन्द्रित भयो । उनको शैक्षिक एवम् दार्शनिक चिन्तन शिक्षाको आधुनिक चिन्तनको सन्दर्भमा एक क्रान्तिकारी दर्शनको रूपमा स्थापित भएको छ । उनको लेखनले परिवर्तनकारी, मुक्तिकामी एवम् चेतनामूलक प्रवृति अवलम्बन गरेको छ । उनको प्रयास सामाजिक मुक्तिको चासोमाथि (सोसाइटियल इमानसिपेटरी इन्टरेस्ट) केन्द्रित छ । उनले शिक्षा सम्बन्धी विभिन्न अध्ययन अनुसन्धान केन्द्रसँग सम्बन्धित भई अध्ययन अनुसन्धान कार्यमा प्रशस्त कलम चलाएको पाइन्छ ।

उनका यस प्रकारका अध्ययन अनुसन्धान कार्यहरूका अनुभवहरू एवम् निष्कर्षहरू सफल रूपमा तथा संयुक्त रूपमा समेत पुस्तककारको रूपमा प्रकाशित छन् । उनका एकल र सह-लेखन गरी बीसभन्दा बढी पुस्तकहरू प्रकाशित छन् । ती मध्ये केही महत्वपूर्ण यहाँ उल्लेख गरिएको छ । जो निम्नानुसार छन् (अग्रवाल, २००३, पृ. ४५७) ।

कल्चरल एक्सन अफ फ्रिडम, अ पेडागोजी अफ लिवरेसन, एडुकेसन द प्राक्टीस अफ फ्रिडम, क्रिटिकल लिटेरेसी, एडुकेसन फ्रम क्रिटिकल कनसस्नेस, पेडागोजी अफ होम, पेडागोजी अफ द हर्ट, पेडागोजी इन प्रोसेस, द लेटर टु गिनीविसाउ, लर्निङ्ग टु क्वेसन, पेडागोजी अफ द सिटी, एडुकेशन एज द एक्सरसाइज आफ फ्रिडम, एक्सटेन्सन अफ कम्युनिकेसन, थ्योरी एण्ड प्राक्टिस अफ लिवरेसन, द इम्पोर्टेन्स अफ द रिडिङ्ग एक्ट, पेडागोजी अफ द ओप्रेस्ड, टिचर्स एज कल्चरल वर्कस, रेफ्लेकसन अन माई लाइफ एण्ड वर्क्स, पोलिटिक्स एण्ड एडुकेसन, द पोलिटिक्स अफ एडुकेसन ; कल्चर, पावर एण्ड लिवरेसन, लेटर्स टु क्रिस्टीना, पेडागोजी अफ द फ्रिडम, अ रिभेलिङ्ग अफ द पेडागोजी अफ द ओप्रेस्ड, आदि ।

माथि उल्लेखित पुस्तकहरू मध्ये “पेडागोजी अफ द ओप्रेस्ड - १९७०” त अठारभन्दा बढी भाषामा अनुवादित भएको छ र यो पुस्तक विश्वभर प्रसिद्ध भयो । तीन दशकको अवधिभित्र यस प्रकाशनका पाँच लाख प्रति पुस्तकहरू विश्वभर विक्री भए (अग्रवाल, २००३) । यो र यस प्रकारका कार्यले बिसौं शताब्दीमा उनी एक शिक्षाविद् एवम् दार्शनिकको रूपमा विश्वमा चिनिएका छ्न ।

**फ्रेरेको शैक्षिक दर्शन**

पाउलो फ्रेरे बीसौं शताब्दीका विश्वप्रख्यात शिक्षा दार्शनिक हुन् । उनको शैक्षिक दर्शन सरल छैन तर एक मौलिक राजनैतिक चेतनासहितको समाजशास्त्रीय चिन्तन आत्मसात गरेको पाइन्छ । समाजमा स्थापना भएको कसैको वर्चस्व अरूद्वारा पराजित हुन सक्यो भने समाजमा मानवीकरण हुन सक्छन् भन्ने मानवतावादी दर्शनको चेतनामूलक धार उनको दार्शनिक विशेषता हो । उनले गरिबीको समस्या समाधान गर्न प्रगतिवादी शिक्षाको अभ्यासद्वारा मात्र सम्भव हुन्छ भन्ने चिन्तनको स्थापना गरेर उत्पीडक र उत्पीडित बीचको अन्तरविरोध पहिचान गर्न सम्भव बनाए । उनको समाजशास्त्रीय दर्शन अनुसार वर्तमान समाजमा उत्पीडक र उत्पीडित (ओप्रेसर एण्ड ओप्रेस्ड) गरी सांस्कृतिक रूपमा दुई वर्गहरू छन् । उत्पीडक, ज्यानमारा, अत्याचारी वर्गले जहिलेपनि उत्पीडित तथा निर्धा वर्गलाई सांस्कृतिक रूपमा दबाइरहेको हुन्छ । उत्पीडितहरू उत्पीडनहरूका विरूद्धमा चुँ .... सम्म बोल्न सक्ने स्थितिमा छैनन् । उत्पीडितहरूमा चेतनाको ढोका बन्द प्रायः छ । वर्तमान शिक्षा प्रणाली पनि उत्पीडक सृजना गर्ने साधन भएको छ (विष्ट, २०५०) । यस प्रणालीले उत्पीडितहरूका हित गर्न सक्दैन । उत्पीडितहरूको हितको लागि उनीहरूलाई सर्वप्रथम मुक्तिको शिक्षा (लिवेरेटिङ्ग एकडुकेसन) आवश्यक छ । उत्पीडकहरूबाट छुट्कारा पाउन उत्पीडितहरूले नयाँ चेतनाको अन्तरदृष्टिकरण (कन्साइटाइजेसन) गर्नुपर्छ । अन्तरदृष्टिकरण भनेको सामाजिक, आर्थिक तथा राजनैतिक अन्तरविरोध बारे पूर्ण जानकारी प्राप्त गरी यथार्थलाई उत्पीडित गर्ने तत्वहरूको संयन्त्र (नेटवर्क अफ ओप्रेसिभनेस फ्याक्टर्स) पहिचान गर्न सक्नु हो (वाग्ले र कार्की, २०५२) । चेतनाको अन्तरदृष्टिकरणले उत्पीडकहरूको हालीमुवाली नष्ट गर्न उत्पीडितहरूलाई सक्षम बनाउँछ । उत्पीडितहरूको चेतनाकै स्तर विकास गराउँछ । चेतनाको विकासबाट मानवहित र मुक्तिका विचारहरू सृजना हुन्छन् । यसले सम्वादलाई बढाउँछ । सञ्चार प्रकृयाको विकास गराउँछ । तर उनको अनुसार वर्तमान शिक्षा प्रणाली वर्णन रोगबाट (न्यारेसन सिक्नेस) ग्रस्त छ (वाग्ले र कार्की, २०५२) । यस शैक्षिक प्रणालीमा घोकाउने, कण्ठ गराउने प्रवृत्ति रहेको छ । शिक्षक मुख्य रूपमा ज्ञानको व्याख्याता हो, उसले सिकारूहरूलाई सुँगा रटाई (

प्यारोट लर्निङ्ग) गराउँछ (सिन्हा, १९९५) । शिक्षकले सिकाउँछ । विद्यार्थीहरू उक्त विषयवस्तु सिक्दछन् । शिक्षक सर्वज्ञ हुन्छ, विद्यार्थीहरू केही नसिककेका अबुझ हुन्छन् । शिक्षक चिन्तक एवम् विचारक हो र विद्यार्थीहरू उक्त विचारलाई अन्धाधुन्ध ग्रहण गर्ने व्यक्ति हुन् । शिक्षक व्याख्यान गरिरहेका हुन्छन् भने विद्यार्थीहरू मौन श्रोता बन्नुपर्छ (पिनार, १९७५) । शिक्षकले क्रियाकलाप प्रदर्शन गर्दछन् भने विद्यार्थीहरू उक्त क्रियाकलापहरू नक्कल गरिरहेका हुन्छन् । सिकाई प्रकृयाको विषय (सब्जेक्ट) शिक्षक हो भने विद्यार्थी निष्कृय वस्तु (अब्जेक्ट) को रूपमा रहन्छ । शिक्षकले हैकम लगाउँछ, विद्यार्थीहरू उक्त हैकमलाई पूर्ण रूपमा मान्दछन्, पालना गर्दछन् । विद्यार्थीलाई बिना कुनै हाउभाउ वा प्रतिकृया गर्न नलगाई शिक्षा थोपर्ने, शिक्षा कोच्याउने काम मात्र गरिन्छ । पाउलो फ्रेरे यस प्रकारको शिक्षा प्रणालीलाई बैकिङ्ग अवधारणामा आधारित शिक्षा (बैकिङ्ग कन्सेप्ट अफ एजुकेसन) (फ्रेरे, १९७०) भन्नु उपयुक्त हुन्छ भन्ने ठान्दछन् । यस धारणा अनुसार शिक्षा बैंकको निक्षेप जस्तो भएको छ । शिक्षा बैंकमा नगद जम्मा गर्ने प्रकृया जस्तो रहेको छ । बैकिङ्ग धारणा अनुसार विद्यार्थीहरू ज्ञानको सँग्रहकर्ता हुन् । विद्यार्थी ज्ञान संग्रह गर्नका लागि विद्यालयमा आफ्नो नाउँको खाता खोल्दछन् र निक्षेप स्वीकार गर्दछन् (पिनार, १९७५) । अर्थात विद्यार्थी ज्ञान संग्रह गर्दछन्, ज्ञान ग्रहण गर्दछ् । शिक्षकले ज्ञान जम्मा गर्ने निक्षेपमा सही गर्ने र छाप लगाउने भूमिका निर्वाह गर्दछन् । यस अवधारणाको शिक्षा प्रणालीमा ज्ञानीले अज्ञानीलाई शिक्षा प्रदान गर्दछ । यस प्रकारको शिक्षा प्रणालीले उत्पीडित वर्गको आवश्यकतालाई स्वीकार गरेको छन । यसले विद्यार्थी एवम् सिकारूहरूका सिर्जनात्मक क्षमतालाई नष्ट पार्छ । उनीहरूले समालोचनात्मक क्षमता (क्रिटिकल थिङ्किङ्ग कपासिटी) गुमाउँछन् (अग्रवाल, २००३) । विद्यार्थी र शिक्षक वर्ग बीच हुनुपर्ने संवाद र सञ्चारको ढोका बन्द गराउँछ । सांस्कृतिक रूपमा केही गर्न नसक्ने निकम्बा बनाउँछ । अर्थात यस प्रकारको शिक्षाले यो जीवन र जगत परिवर्तन गर्न सक्दैन । तर बदलिएको शिक्षाले मानिसलाई परिवर्तन गर्न सक्छ र मानिसले यस जगतलाई बदल्न सक्दछ । यस जगतलाई व्याख्या गर्न र परिवर्तन गर्न ज्ञानको प्रयोग गर्ने सिकारूको भूमिका रहन्छ । तसर्थ महिला तथा पुरूषहरूले आलोचनात्मक तथा सृजनात्मक रूपमा यस वास्तविक जगतमा कसरी सहभागिता जनाउने र सबै खाले उत्पीडनबाट कसरी मुक्ति प्राप्त गर्ने भन्ने पक्षमा फ्रेरेको शैक्षिक दृष्टिकोण रहेको छ ।

## शिक्षाको उद्देश्य एवम् शैक्षिक प्रकृया

शिक्षा मानव र राष्ट्रको कल्याणका लागि हुनुपर्छ । उत्पीडितहरूका कस्तो शिक्षाको आवश्यकता छ, त्यसको खोजी गरिनुपर्छ । शिक्षा र ज्ञान दुवै खोजीका प्रकृया (एडुकेसन एण्ड नलेज एज अ प्रोसेस अफ इन्क्वारी) हुन् (अग्रवाल, २००३) । हरेक विद्यार्थीसँग आफ्नै किसिमको ज्ञान र अनुभव हुन्छ । उनीहरूको ज्ञान तथा अनुभव र प्रतिक्रियालाई व्यक्त गर्ने अवसर उनीहरूको मौलिकताको विकास गराउन सहयोग गर्नुपर्छ, सघाउ पुऱ्याउनुपर्छ । तर यस बैकिङ्ग सिद्धान्तको शिक्षा प्रणालीले मानिसप्रति घृणा जगाउँछ । तसर्थ मानिसमा प्रेम, सहानुभूति, दया, करूणा जस्ता मानवीय गुणहरूको विकास गर्नु व्यक्तिलाई कुनैपनि कार्य गर्न प्रेरित गर्नु, व्यक्तिमा असल चरित्रको विकास गराउनु, व्यक्तिमा यस जीवन र जगत प्रतिको बृहत दृष्टिकोण विकास गराउनु, विभिन्न क्षेत्रमा कार्य गर्नसक्ने योग्य व्यक्ति उत्पादन गर्नु शिक्षाका उद्देश्य हुनुपर्छ । त्यसैले शिक्षाको लक्ष्य हिंसालाई अहिंसाको माध्यमबाट परास्त गरी मानिसको पूर्ण व्यक्तित्वको विकास गराउन सहयोग गर्ने हुनुपर्छ (फ्रेरे, १९७०) । शिक्षाको उद्देश्य उत्पीडितहरूलाई चेतनाको अन्तरदृष्टिकरण गराई एउटा पूर्ण मानव बनाउने हुनुपर्छ, (वाग्ले र कार्की, २०५२) । शिक्षा वर्तमान अमानवीय अवस्थालाई परिवर्तन गराउने साधन हो । खासगरी तेस्रो विश्वका मुलुकहरूमा औपनिवेशिक परिपारीबाट सृजना भएको दमनकारी प्रथालाई ध्वस्त पार्ने साधन हो । शिक्षाको उद्देश्य जति दबाइएपनि मौन रहने संस्कृतिबाट उत्पीडितलाई छुट्कारा गराउन चेतनाको अन्तरकरण गराउने र पूर्ण मानव

बनाउने हुनुपर्छ (फ्रेरे, १९७०) । शिक्षा उत्पीडितबाट मुक्ति प्राप्त गर्ने प्रकृया हो । शिक्षा स्वतन्त्रताको अभ्यासको प्रकृया हो । स्वतन्त्रताले नै सम्वादको ढोका खोल्दछ। तसर्थ सम्वाद (डायलग) लाई शिक्षा प्राप्त गराउने महत्त्वपूर्ण विधि (पेडागोजी) को रूपमा विकास गराउनुपर्छ । सम्वादले सञ्चार प्रकृयालाई बढाउँछ, सुदृढ बनाउँछ । सम्वादले सञ्चारको घेरो फराकिलो बनाउँछ, सञ्चारले नै शिक्षा प्रदान गर्दछ । नयाँ चेतनाको विकास गराउँछ । नयाँ नयाँ विचार सृजना गराउँछ । मुक्तिका तरिका सिकाउँछ । कमजोरहरूमाथि बलियोबाट हुने गरेको हिंसालाई परास्त गर्न बलियो बन्ने तरिका सिकाउँछ, बलियो बनाउँछ । उत्पीडितहरूलाई शक्ति प्रदान गर्दछ । उत्पीडन गर्ने तत्वहरूको पहिचान गरी तिनको विकास गराउँछ । अन्याय, भय, दमन र दरिद्रतालाई सखाप पार्ने सामर्थ्य दिन्छ । यही नै सही शिक्षा हो । मुक्तिको लागि शिक्षाको प्रकृया हो ।

## पाठ्यक्रम र शिक्षण विधि

शिक्षाले मानवीय गुणहरू जस्तो : माया, प्रेम, दया, करूणा, सहानुभूति, आदिको विकास गर्नु, व्यक्तिलाई काम गर्न प्रेरित गर्नु व्यक्तिमा व्यापक दृष्टिकोण विकास गर्नु, व्यक्तिमा लोकतान्त्रिक मूल्यको विकास गर्नु र सिकारूमा समालोचनात्मक चेतनको विकास गर्न पाठ्यक्रममा समाजवाद तथा साम्यवादी चिन्तनको विकास गराउने उद्देश्यहरू प्राप्तिका लागि एवम् एक परिपक्व मानव विकास गर्नका लागि पाठ्यक्रम लचिलो, संवेदनशील एवम् उपयोगी बनाउनुपर्छ । समस्या केन्द्रित पाठ्यक्रम बनाउनुपर्छ । उनको अनुसार शिक्षक तथा समाजशास्त्रीहरूको सहयोगमा पाठ्यक्रम निर्माण गरिनुपर्छ । शिक्षा, कला, खेल, भाषा, मानव अधिकार, सामाजिक वर्ग, दार्शनिक विचार, नीतिशास्त्र, कानून, मनोविज्ञान जस्ता ज्ञानका शाखामा आधारित शिक्षा एवम् ज्ञान दिइनु पर्दछ । पाठ्यक्रममा गणित, विज्ञान, भूगोल, समाजशास्त्र, आदि समावेश गरी भौतिक विज्ञान, दार्शनिक, गणितिज्ञ, समाजशास्त्री, मनोवैज्ञानिक शिक्षक आदिको संलग्नतामा पाठ्यक्रम बनाइनुपर्दछ । प्रौढहरूलाई साक्षरता एवम् सीपमूलक शिक्षा दिन प्रौढ शिक्षा कार्यक्रम लागु गरिनुपर्छ । गरिबीबाट मुक्ति, उत्पीडन, शोषणबाट छुट्कारा पाउन समाजवाद एवम् साम्यवादी चिन्तनको विकासमा आधारित पाठ्यक्रम निर्माण गरी लागु गरिनुपर्छ ।

शिक्षक एवम् विद्यार्थीवर्ग बीच सञ्चारको विकास गराउन सम्वाद विधि, आलोचनात्मक चिन्तनको विकास गराउन अन्तरकृया विधि, छलफल विधि, स्वअध्ययन विधि, खोज तथा अन्वेषण विधि, प्रदर्शन विधि तथा खासगरी माथिल्लो कक्षामा व्याख्यान विधिसमेत प्रयोग गरी शिक्षण गरिनुपर्छ भन्ने धारणा फ्रेरेको रहेको छ । गणित, विज्ञान तथा समाजसम्बन्धी समस्या समाधानका लागि समस्या समाधान विधि समेत प्रयोगमा ल्याउनुपर्ने उनको धारणा रहेको छ । शिक्षकले परामर्शदाता, मार्गदर्शक, सहजकर्ता एवम् विद्यार्थीसँगसँगै काम गर्ने भूमिका निर्वाह गर्नुपर्छ । स्वतन्त्रको अभ्यासमा विद्यार्थीलाई सहयोग गर्नुपर्दछ । चेतनाको अन्तस्करण गराउन बाटो औल्याइदिनुहुपर्छ भने विद्यार्थी  सकृय भएर काम गर्नुपर्छ । विद्यार्थी चेतनशील प्राणीको रूपमा सिकाइमा संलगन हुनुपर्छ । विद्यार्थी आफ्नो अनुभवका आधारमा आफ्नो व्यक्तित्व विकासमा क्रियाशिल हुनुपर्छ । उत्प्रेरणात्मक शैलीको कृयाशिलतामा समस्या समाधानको लागि परियोजना विधिसमेतको प्रयोगमा ध्यान दिनुपर्छ ।

## शिक्षाको सिद्धान्त र व्यवहारमा फ्रेरेको योगदान

शिक्षा सम्बन्धी विभिन्न कार्यमा संलगन रहेर शिक्षाविद् एवम् दार्शनिक पाउलो फ्रेरेले गरिबी विरूद्ध संघर्ष गरिबीसम्बन्धी समाधान गर्न प्रगतिवादी शिक्षाको योजना र अभ्यासद्वारा मात्र सम्मान हुन्छ भने चिन्तन र विश्वासको स्थापना गरे । समजामा रहेका उत्पीडक र उत्पीडित वर्ग बीचको अन्तरविरोध पहिचान गर्न सम्भव बनाए । समाज एवम् राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक, दार्शनिक एवम् मनोवैज्ञानिक आधारमा शैक्षिक

DOI: https://doi.org/10.3126/dristikon.v12i1.46137 

कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने अभ्यासमा जोड दिए । बैकिङ्ग अवधारणाको शिक्षणमा परिवर्तन ल्याई व्यक्तिमा नयाँ चेतना प्रवाह गर्न सके । चेतनाको नयाँ तहमा प्रवेश गराउन नयाँ चिन्तनको विकास गराए । ज्ञानको स्थानान्तरण हुनुपर्नेमा जोड दिए । शिक्षामा प्रतिबिम्बात्मक चिन्तन (रिफ्लेक्टीभ थिङ्गीङ्ग) को प्रवेश र प्रयोग उनकै देन हो । मार्क्सवादी दर्शनमा आधारित शैक्षिक चिन्तनको व्यवहारिक रूपमा विकास गराउन सफल भए । शिक्षकले लोकतान्तिक सिद्धान्तमा आधारित रहेर शिक्षण गर्नुपर्छ । अवसर दिएमा प्रत्येक व्यक्तिले सिक्न सक्दछन् तसर्थ विश्वको उत्पीडित मानिसलाई अवसर दिनुपर्छ भन्ने उनकै धारणा हो । शिक्षा राजनैतिक प्रकृयाको एउटा पक्ष हो भन्ने मान्यता स्थापित गराए । शिक्षण र सिकाइलाई बहुसांस्कृतिक परिवेश अनुरूपको हुनुपर्ने धारणाको विकास गरे । उत्पीडितहरूमा चेतना प्रवाह गराउने विधि र तरिकाहरूको पहिचान गरे । शिक्षण र सिकाइमा अन्तरकृयात्मक विधि तथा सम्वादविधिलाई शिक्षणको महत्वपूर्ण विधिको रूपमा प्रष्ट्याउन सफल भए । समाजमा रहेको सामाजिक सांस्कृतिक संरचना, उत्पीडन, शोषण, दमन, अन्याय, अत्याचारका विरूद्धमा संघर्ष गर्ने आत्मबलको विकासमा जोड दिए । भोकमारी तथा गरिबी विरूद्ध लड्ने सहास शिक्षाद्वारा मात्र प्राप्त हुने कुरा प्रष्ट्याए । शिक्षा लोकतान्त्रिक प्रणालीमा सञ्चालन गर्ने पक्षमा जोड दिए । मानव अधिकार रक्षाका लागि राज्य तथा समाज कल्याणकारी हुनुपर्ने विचारको पक्षमा वकालत गरे । उत्पीडितका लागि शिक्षक विज्ञान (पेडागोजी अफ द ओप्रेस्ड) जस्तो महत्त्वपूर्ण शिक्षण विज्ञानलाई कृतिको रूपमा अगाडि सारे । खासगरी वयस्क एवम् प्रौढहरूमा निरक्षरता उन्मुलन गर्न र सीपमूलक शिक्षासँग जोडेर सिकाउन र उनीहरूलाई स्वावलम्बी बनाउन प्रौढ शिक्षा तथा अनौपचारिक शिक्षाको व्यापकता र प्रयोग उनकै देन हो । समालोचनात्मक चिन्तन समस्या केन्द्रीयत शिक्षण र सिकाइका लागि सिकाइको सकृयतामा जोड दिए । अन्तरदृष्टिकरण प्रकृयाबाट चेतनाको द्वार खोलिने विचार ल्याए । शिक्षालाई मानव जीवनको प्रत्यक्ष अनुभवसँग जोडेर जीवनको रूपान्तरण सम्बन्धी दृष्टिकोण ल्याए । प्रौढ शिक्षाको प्रादुर्भाव उनकै देन हो । साक्षरता कार्यक्रम हाल विश्वभर लागु हुनु उनकै देन हो । शिक्षा दर्शन, मनोविज्ञान र कानून क्षेत्रमा उनको योगदान उल्लेखनीय छ । समाजको सुधारका लागि नेतृत्वदायी भूमिका समेत गर्ने आर्थिक रूपमा पछि परेका मानिसहरूलाई शिक्षा दिने चिन्तन र शिक्षक सांस्कृतिक कर्मीको रूपमा रहने विचार पनि उनकै योगदान हो । उनले संयक्त वा एकल रूपमा बीस भन्दा बढी पुस्तकहरू प्रकाशन गरेर सामाजिक तथा शैक्षिक दर्शनको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएका छन् । एक सफल लेखकको रूपमा विश्वभर प्रसिद्ध भएका छन् । शिक्षा दर्शनको क्षेत्रमा क्रान्तिकारी परिवर्तन ल्याउन सफल भएका छन् ।

**यस लेखको शैक्षिक प्रयोग**

पाउलो फ्रेरेको शैक्षिक चिन्तन प्रतिविम्बिात्मक चिन्तन (रिफ्लेक्टीभ थिङ्गीङ्ग) हो । उत्पीडितहरूमा चेतनाको विकास गराउनु उत्पीडन गराउने तत्वहरू पहिचान गर्नुपर्ने र त्यसबाट छुटकारा पाउन मुक्तिको लागि संघर्ष गर्नुपर्ने धारणाको सेरोफेरोमा उनको कमल चलेको देखिन्छ । फ्रेरेको शैक्षिक एवम् दार्शनिक चिन्तनलाई केन्द्रविन्दु बनाएर गरिएको यस अध्ययनद्वारा सृजना गरिएको लेखले शिक्षाको नीति निर्मातालाई, शैक्षिक कार्यक्रम निर्माण एवम् कार्यान्वयनकर्तालाई एवम् पाठकवर्गलाई समालोचनात्मक चिन्तनको विकास गराउन मद्दत पुग्दछ भन्ने विश्वास गरिएको छ । जसले गर्दा उत्तरआधुनिक युग सुहाउँदो शिक्षाको योजना र अभ्यासमा थप टेवा पुग्न सक्दछ ।

शिक्षाको योजना तथा नीतिनिर्माताहरूलाई एकाइसौं शताब्दी सुहाउँदो समतामूलक समाजको निर्माण गर्न मद्दत पुग्नेगरी सामाजिक तथा शैक्षिक न्याय प्रदान गर्न आवश्यक पर्ने ज्ञान, सीप, भावना, अभिवृद्धि एवम् व्यवहारको विकास गराउन, पाठ्यक्रमद्वारा विद्यार्थीहरूमा समालोचनात्मक चिन्तनको विकास गराउने विषयवस्तु

समावेश गर्नुपर्छ भन्ने सोचको विकास गराउनका लागि सहयोग पुग्नेगरी शिक्षा तथा पाठ्यक्रम नीति निर्माण गर्न यस लेखले थोरै भएपनि सकारात्मक सोचको विकासमा थप मद्दत पुग्दछ भन्ने ठानिएको छ । व्यक्तिमा रहेको दमित संस्कृतिलाई हटाई उसमा समालोचनात्मक एवम् सिर्जनात्मक क्षमताको विकासका निम्ति निर्मित शैक्षिक नीति र उक्त नीतिबमोजिम तर्जुमा गरिएको पाठ्यक्रमले समाज परिवर्तन गराउने कार्यमा नयाँ दिशमा निर्माणका लागि शैक्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्नमा मद्दत पुग्न सक्छ ।

त्यसैगरी पाठ्यक्रम कार्यान्वयनकर्ताहरूमा पनि शिक्षक वर्गमा सिकारूहरूलाई प्रतिविम्बिात्मक चिन्तनको विकास गराउनका लागि शिक्षण सिकाइ प्रकृयामा सकृय सहभागी गराउनुपर्छ, उनीहरूलाई समस्या समाधान कार्यमा लगाउनुपर्छ भन्ने धारणाको विकास गराई सोही मूताविक शिक्षण गर्दा शिक्षक विद्यार्थी संवाद प्रकृया सुदृढ बन्दछ । शिक्षकले व्याख्यात्मक भूमिकालाई परिवर्तन गरी चेतना प्रभावक भूमिका, समस्या समाधानकर्ताको भूमिका, समाज सुधारकको भूमिका निर्वाह गर्नुपर्छ भन्ने नयाँ सुझबुझ यस लेखले पाठ्यक्रम कार्यान्वयनकर्तामा उत्पन्न गराउँछ, जसले गर्दा विद्यार्थीहरू निष्कृय श्रोता, एवम् अबुझ नभई सकृय, सहभागी तथा अन्तरकृयात्मक बन्दछन् र उनीहरूमा चेतनाको अन्तः करण हुनसक्छ भन्ने उत्पादनमूलक सोच व्युत्पन्न हुनसक्छ ।

त्यसैगरी यस लेखका पाठकवर्ग एवम् अनुसन्धानकर्ताहरूसमेतलाई यस लेखले समाजलाई सांस्कृतिक दमनको शैली चिन्न, चुप लागेर बस्न बाध्य पार्ने तत्वहरू पहिचान गर्न तथा समस्यालाई नयाँ कोणबाट पहिचान गर्ने चिन्तनको विकास गराउन मद्दत पुग्दछ । समाजलाई परिवर्तन एवम् रूपान्तरण गर्ने नयाँ बाटो पहिचान गर्न, समाजसुधार गर्ने प्रभावकारी उपाय नै चेतनाको अन्तरदृष्टिकरण हो भनी प्रष्ट छन् र समाज बदल्ने उपायहरू पहिल्याई तिनीहरूको अवलम्बन गर्न मद्दत पुग्दछ ।

**निष्कर्ष**

दक्षिण अमेरिकी राष्ट्र ब्राजिलको अति दुर्गम रेसिफा गाउँमा जन्मिएका पाउलो रेग्लुस नेभेज फ्रेरे शैक्षिक जगतमा नयाँ चिन्तन प्रवेश गराउने बिसौं शताब्दीका विश्व प्रसिद्ध एक क्रान्तिकारी शिक्षाविद् एवम् दार्शनिक हुन् । उनी आफ्नो जीवनको कलिलो उमेरदेखि नै अभाव र गरिबी तथा उत्पीडनका विरूद्धमा लड्न थाले । संघर्षको दौरानमा उनले जेल जीवन र देशनिकालकाको सजाय समेत भोग्नुपऱ्यो । यस्तो प्रतिकूल परिस्थितिका बाबजुद उनी निरन्तर अध्ययन, अध्यापन र अनुसन्धान कार्यमा साथै शिक्षाको अभ्यासमा लागिरहे । उनले शिक्षा, संस्कृति तथा समाज र शैक्षिक पद्धतिसँग सम्बन्धित प्रशस्त पुस्तकहरू समेत लेखे । उनी एक सफल एवम् विश्वप्रसिद्ध लेखक बने । पेडागोजी अफ द ओप्रेस्ड नामको कृति विश्वमा लोकप्रिय भयो । उनको सृजनाले विश्वमा नयाँ नयाँ परिवर्तनको चिन्तन र व्यवहार दियो । समाज र संस्कार बदल्ने चिन्तन दियो । मानव व्यवहार बदल्ने चिन्तन दियो । अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनबाट मुक्ति प्राप्त गर्ने उपाय सम्बन्धी चिन्तन समेत सुझायो । त्यही सम्बाद प्रकृयाको चिन्तन, अन्तरदृष्टिकरणको चिन्तन शक्ति प्रदायक चिन्तन बन्यो । कमजोरलाई बलियो एवम् शक्तिशाली बनाउने र मुक्ति प्राप्त गराउन सिकाउने अचुक हतियार बन्यो । त्यही चिन्तन र दृष्टिकोणले आज विश्वभर कालजयी रूप धारण गरेको छ । सबैलाई बलियो बन्ने र बनाउने तरिका सिकाएको छ । आम मानिसको आत्मबल बढाएको छ । त्यो शैक्षिक चिन्तन प्रतिविम्बात्मक चिन्तन बन्यो । यो चिन्तन फ्रेरेको क्रान्तिकारी शैक्षिक दर्शन हो । मार्क्सवादी दार्शनिक चिन्तनको प्रायोगिक रूप बनेर आफ्नो पहिचान बनाएको दृष्टिकोण हो । यो मानवतावादी विश्वव्यापी शैक्षिक चिन्तन बन्यो । यो चिन्तन अधिकारवादी शैक्षिक चिन्तन समेत बनेको छ । उतरआधुनिकवादी शैक्षिक चिन्तनको एक पक्ष समेत बनेको छ । जसले

मानवसमाजलाई स्वतन्त्रता र मुक्तिको मार्ग सिकाएको छ । परिवर्तनको पक्षमा दोहोऱ्याएको छ । सृजनशील, समालोचनात्मक, अन्तरकृयात्मक शैलीलाई आत्मसात गराउन सफल भएको छ ।

## सन्दर्भसामग्री

अग्रवाल, जे. सी. (२००३) *थ्योरी एण्ड प्रिन्सिपल अफ एडुकेसन,* न्यू दिल्ली पब्लिसिङ्ग हाउस ।

पिनार, विलीयम (१९७५), *करीक्युलम थ्योराइजिङ;* युसरा म्याक्ट्सन पब्ल कर्पोरेसन ।

फ्रेरे, पाउलो (१९७०), *पेडागोजी अफ द अप्रेस्ड,* इङ्ल्याण्ड, पेनगुइन बुक्स ।

मोरी, जाइलस (स.) (प्रकाशित साल), *थिङ्कर्स अन एडुकेसन,* अक्फोर्ड एण्ड आइवीएस पब्लिसिङ्ग ।

वाग्ले, मनप्रसाद र कार्की, उपेन्द्रकुमार (२०५२), *शिक्षाका आधारहरू,* गणेश हिमाल एडुकेसन ।

विष्ट, मीनबहादुर (२०५०), *शिक्षाको सिद्धान्त,* साझा प्रकाशन ।

सिन्हा, कुमुद (१९९५), *एडुकेसन  कम्प्यारेटिभ स्टडी अफ गान्धी एण्ड फ्रेरे,* कमन वेल्थ पब्लिसर्स ।

Books.google.com, Dr. Uday Mehata & Dr. Shelali Pandya